**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २० मई २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. लोकसभा चुनावको पाँचौं चरणमा आज ६ राज्य र दुई केन्द्र शासित प्रदेशका ४९ निर्वाचन क्षेत्रमा मतदान भयो। यस चरणमा साँझ ५ बजेसम्म लगभग ५७ प्रतिशत मतदान भएको छ।

२. पश्चिम बंगालमा लोकसभा चुनाव २०२४ को पाँचौं चरणमा सात लोकसभा सिटमा चुनाव भयो। राज्यमा लगभग ७३ प्रतिशित मतदान भएको छ |

३. पश्चिम बंगालको सात लोकसभा सीटमा आज भएको चुनावमा कतिवटा स्थानमा हिंसा पनि भएको छ।

४. केन्द्रमा जसको सरकार गठन भए पनि जनतालाई दिएको वचन कार्यरूपमा परिणत गर्न हामी कुनै कसर छोडने छैनौं - अजय एडवर्ड्स

५. शब्द समय सालबारीको आयोजनामा वरिष्ठ साहित्यकार डा एडोन रोगोंगको निधनमा शोक सभा पालन

**मतदान प्रतिशत**

लोकसभा चुनावको पाँचौं चरणमा आज ६ राज्य र दुई केन्द्र शासित प्रदेशका ४९ निर्वाचन क्षेत्रमा मतदान भयो। लोकसभा चुनावको पाँचौं चरणमा साँझ ५ बजेसम्म लगभग ५७ प्रतिशत मतदाताले मतदान गरेका छन्। पश्चिम बंगालमा ७३ प्रतिशतए लद्दाखमा ६७ प्रतिशतभन्दा बढी, झारखण्डमा लगभग ६२ प्रतिशत र ओडिशामा लगभग ६१ प्रतिशत मतदान भएको छ। त्यसरी नै उत्तर प्रदेशमा करिब ५६ प्रतिशतए जम्मू कश्मीरमा ५४ प्रतिशतभन्दा बढी, बिहारमा ५२ प्रतिशतभन्दा बढीर महाराष्ट्रमा लगभग ४९ प्रतिशत मतदान भएको छ ।ओडिशा विधानसभा चुनावको दोस्रो चरणमा लगभग ६१ प्रतिशत मतदान भएको रिपोर्ट गरिएको छ।झारखण्डको गण्डे सिटमा ६६ प्रतिशतभन्दा बढी र उत्तर प्रदेशको लखनऊ पूर्व सिटमा ५० प्रतिशतभन्दा बढी मतदान भएको थियो।

****** ० ******

**पश्चिम बंगाल चुनाव**

पश्चिम बंगालमा लोकसभा चुनाव २०२४ को पाँचौं चरणको मतदान बिहान ७ बजे सुरु भयो। यस चरणमा राज्यको सात लोकसभा सिटमा चुनाव भयो। पाँचौं चरणको निर्वाचनमा कुल ८८ उम्मेदवारको भाग्यको फैसला हुनेछ । जसमा ७४ पुरुष र १४ महिला उम्मेदवार छन् । आज बानगाउँए ब्याराकपुरए हावडाए उलुबेरियाए श्रीरामपुरए हुगली र आरामबागमा मतदान भएको छ। यस चरणमा कुल १३ हजार ४८१ मतदान केन्द्रमा सात लोकसभा सीटका लागि मतदान भएको छ। यस चरणमा कुल मतदाता संख्या एक करोड २५ लाख २३ हजार ७०२ रहेको छ । जसमा ६३ लाख ५१ हजार ३२० पुरुष र ६१ लाख ७२ हजार ३४ महिला तथा ३४८ तेस्रोलिङ्गी मतदाता रहेका छन् । १८ देखि १९ वर्ष उमेर समूहका दुई लाख ६० हजार ३९८ मतदाता छन् । उनीहरुले पहिलोपटक मतदान गरेका छन् ।पाँचौं चरणमा कुल ९३ नमुना मतदान केन्द्र निर्माण गरिएको राज्य प्रमुख निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । यसैगरी यस चरणको निर्वाचनमा महिलाद्वारा सञ्चालित १४६० मतदान केन्द्र पनि बनाइएको छ । यी मतदान केन्द्रमा महिला मतदाताले मात्रै मतदान गरेका छन्। यी मतदान केन्द्रमा महिला सुरक्षाकर्मी मात्र खटाइयो ।

****** ० ******

**बमबारी**

आज लोकसभा चुनावको पाँचौं चरणको मतदानको क्रममा अपराधीहरूले हावडा जिल्लाको बेलुरमा रहेको एक आवासीय परिसरमा आक्रमण गरे जुन ठूलो मात्रामा बम हमला भएको खबर आएको थियो।आज बेलुरको वृन्दावन आवासीय

कम्प्लेक्समा मतदानका क्रममा १० देखि १२ जना बदमाशले आक्रमण गरेको आरोप छ। कम्प्लेक्सका बासिन्दाहरूलाई मतदान नगर्न दबाब दिइयो। यसबाहेक व्यापक बमबारी पनि गरिएको थियो । घटनाको जानकारी पाए लगत्तै ठूलो संख्यामा पुलिस र केन्द्रीय बल घटनास्थलमा पुगेर स्थिति नियन्त्रणमा लिएको थियो।प्राप्त जानकारी अनुसार आक्रमणकारीहरु सबै बाइकमा आएका थिए।

****** ० ******

**बंगाल चुनावमा हिंसाका घटनाहरू**

पश्चिम बंगालमा लोकसभा चुनावको पाँचौं चरणमा सोमबार सात संसदीय क्षेत्रहरूमा हिंसाका छिटपुट घटनाहरू भएका छन्। बैराकपुरए बोनगाउँ र आरामबाग सीटका विभिन्न भागहरूमा तृणमूल र भाजपा कार्यकर्ताहरू बीच झडप भयो। बिहान ११ बजेसम्म विभिन्न राजनीतिक दलबाट १ हजार ३६ उजुरी परेका छन् ।अरामबाग निर्वाचन क्षेत्रको खानाकुल क्षेत्रमा तृणमूल र बीजेपी समर्थकहरूबीच पोलिंग एजेन्टहरूलाई मतदान केन्द्रमा प्रवेश गर्न रोक्ने विषयमा झडप भएको थियो। सुरक्षाकर्मीले उक्त क्षेत्रबाट दुईवटा देशी बम पनि बरामद गरेका छन् । तृणमूल उम्मेदवार मिताली बागले भन्नु भयो भाजपाका गुण्डाहरूले क्षेत्रमा आतंक फैलाएका छन् र मतदाताहरूलाई डर देखाएका छन्। अर्कोतिर बीजेपी उम्मेद्वार अरुप कान्ति दिगरले आरोपहरू अस्वीकार गर्नु भयो र तृणमूल कार्यकर्ताहरूले चुनावको दिन हिंसामा संलग्न भएको आरोप लगाउनु भएको छ।बीजेपीका वर्तमान सांसद र हुगली निर्वाचन क्षेत्रका पार्टी उम्मेद्वारए लकेट चटर्जीले तृणमूल विधायक असिमा पात्राको नेतृत्वमा तृणमूल कार्यकर्ताहरूको विरोधको सामना गर्नु परेको छ। जब चटर्जी मतदान केन्द्रतर्फ जाँदै थिएए तृणमूल कार्यकर्ताहरूले "चोर-चोर" नारा लगाएर विरोध गरे जसपछि भाजपा सांसद उनको कारबाट बाहिरिए र काउन्टर नारा लगाए। पुलिस र केन्द्रीय बलको ठूलो टोली घटनास्थल पुगेर दुवै समूहलाई नाराबाजी गर्नबाट रोकेको थियो ।हावडा निर्वाचन क्षेत्रका विभिन्न भागबाट हिंसाका छिटपुट घटनाहरू रिपोर्ट गरिएका छन्। हावडाको लिलुआ इलाकामा बीजेपीले तृणमूल कार्यकर्ताहरूलाई बुथ अवरुद्ध गरेको आरोप लगायोए जसले गर्दा दुई समूहबीच झडप भयो। स्थानीय बीजेपी नेता सुवीर विश्वासलाई बानगाउँ निर्वाचन क्षेत्रको गयासपुर क्षेत्रको एक बुथ बाहिर तृणमूलका गुण्डाहरूले कुटपिट गरेको आरोप छ। पछि उनलाई अस्पताल लगियो ।सोही निर्वाचन क्षेत्रको कल्याणी क्षेत्रमा केन्द्रिय मन्त्री तथा बीजेपीका उम्मेदवार शान्तनु ठाकुर आफ्ना प्रतिद्वन्द्वी तृणमूलका उम्मेदवार विश्वजित दासको परिचयपत्र प्रयोग गर्दै मतदान केन्द्रमा पक्राउ परेका थिए । उक्त व्यक्तिलाई पछि केन्द्रीय बलहरूले बुथबाट हटाइयो। तृणमूल कार्यकर्ताहरूले केही क्षेत्रहरूमा विरोध गरे कि केन्द्रीय बलहरूले हुगलीको केही बुथहरूमा मतदाताहरूलाई डराउन भाजपा कार्यकर्ताहरूलाई मद्दत गरिरहेको आरोप लगाए।

****** ० ******

**मातृ-माति-मानुष दिवस**

ममता बनर्जीले पश्चिम बंगालको मुख्यमन्त्रीको रूपमा १३ वर्ष पूरा गरेकोमा राज्यका जनतालाई बधाई दिनु भएको छ। उहाँले सोमबार आफ्नो एक्स ह्यान्डलमा पोस्ट गर्नु हुँदै बङ्गाललाई प्रगति र समृद्धिको नयाँ उचाइमा पुऱ्याउन आफु सदैव प्रतिबद्ध रहने बताउनु भयो । उहाँले भन्नुभयोएआज मातृ-माति-मानुष दिवसको अवसरमा म बंगालका सबै जनतालाई हाम्रो राज्यमा लोकतन्त्र कायम गर्न खेलेको भूमिकाको लागि बधाई दिन्छु।

****** ० ******

**बुद्ध जयन्ती खरसाङ**

मन्टिभियट रोड खरसाङमा अवस्थित टाँसी साम्तेलिङ गुम्बा अनि तामाङ बुद्धिष्ट एसोसिएशनका आयोजनामा भगवान बुद्धको २५६८ औं जन्म जयन्ती भव्य रूपमा पालन गरिने भएको छ। संस्थाका सदस्यहरूले पूर्व घोषण गरे अनुसार आज पूजा समारोहको दोस्रो दिन गुरू रिम्पोर्छेको जन्म तिथिमा पूजा अर्चनासितै खरसाङ अस्पताल ब्लड व्याङ्क युनिटको संयुक्त आयोजनामा रक्तदान शिविरको अयोजना गरियो। यस शिविरमा १७ जनाले रक्तदान गरे जसमा १० जना महिला अनि ०७ जना पुरूष सामेल रहेको तामाङ बुद्धिष्ट एसोसिएशनका अध्यक्ष युएस तामाङले जानकारी दिनु भएको छ।आगामी २१ मईको दिन यस पूजा समारोहको महत्वपूर्ण कार्यक्रमहरूमध्ये भगवान बुद्धमाथि सेमिनार पनि राखिएकोले सम्पूर्ण भक्तजनलाई यस दिन उपस्थित भइदिने तामाङले अनुरोध पनि गर्नु भएको छ।

****** ० ******

**मिरिक जमानसिंह**

मिरिक महकुमा अन्तर्गत थर्बु चियाकमान जमानसिंह गाँउवासीको अलकत्रे सडकमा हिड्ने सपना पूरा भएको छ। गाउँलाई मुख्य सडकसित जोड्ने सडक निर्माण भएपछि गाउँवासीमा हर्षको वातावरण बनेको बताइएको छ।स्थानीय ग्राम पञ्चायत सदस्य सुष्मिता देवानले गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनमार्फत गाउमा लगभग एक किलोमिटर सडक निर्माण कार्य भएको जानकारी गराउँदै सडक निर्माणको लागि पहल गरिदिने गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापा अनि मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राईप्रति गाँउवासीको पक्षबाट आभार प्रकट गर्नु भएको छ।उहाँले जमानसिहं गाँउलाई मुख्य सडकसित जोड्ने सडक विगतमा थर्बु चियाकमानले निर्माण गरे पनि सडकमा अलकत्रा लगाउने कार्य भएको थिएन। फलस्वरूप स्थानीय मानिसहरूलाई यातायातमा धेरै समस्या भोग्न परिरहेको थियो। गाँउमा गाडी पुगेको थिएन। विरामीहरूलाई बोकेर सडकसम्म निकाल्न पर्ने अवस्था थियो। वर्तमानमा सडकमा अलकत्रा लगाइएपछि जमानसिहं गाउँवासीले लामो समयदेखि यातायातमा भोग्दै गरेको समस्याको समधान भएको बताउनु भएको छ ।

****** ० ******

**सम्बर्द्धना कार्यक्रम**

जापानबाट विद्यावारिधि पूर्ण गर्ने सफलमणि प्रधान र असमबाट एमबीबीएस गर्ने अञ्जली घतानीलाई बिजनबारीमा सम्बर्द्धना जनाइएको छ। विद्यासागर उच्चतर माध्यमिक विद्यालय बिजनबारीका सन् १९८९ ब्याजका भूतपूर्व विद्यार्थीद्वारा गठित "फ्रेन्ड्स फरेभर" संस्थाको आयोजनामा यस वर्ष विद्यावरिधि हासिल गर्ने बिजनबारीको कैंजले बजार निवासी डा सफलमणि प्रधान अनि असमबाट एमबीबीएस पुरा गर्ने डीएस पथ बिजनबारी निवासी डाक्टर अञ्जली घतानीलाई सम्बर्द्धना जनाउने काम गरियो।स्थानीय बिजनबारी हरियाना भवनमा सम्पन्न कार्यक्रममा सम्बर्द्धित दुवैजना डा सफलमणि प्रधान अनि डा अञ्जली घतानीको अनुपस्थितिमा उनीहरूका अभिभावकलाई सम्वर्द्धना पत्र सुम्पिइयो।उल्लेखनीय छए डा सफलमणि प्रधानले रसायन शास्त्रमा क्युसो इन्स्टिट्युट अफ् टेक्नोलोजी जापानबाट विद्यावरिधि पूरा गरेका हुन् भने डा अञ्जली घतानीले औषधि अनि शल्य चिकित्सामा एमबीबीएस प्राप्त गरेकी हुन् ।

****** ० ******

**शोक सभा - रोंगोंग**

शब्द समय सालबारीको आयोजनामा वरिष्ठ साहित्यकार डा एडोन रोगोंगको निधनमा शोक सभा पालन गरिएको छ। डा एडोन रोंगोंगको गत १५ मईका दिन निधन भएको थियो| उक्त शोक सभाको अध्यक्षता वरिष्ठ राजनीतिक चिन्तक डीएस बम्जनले गर्नु भएको थियो।सर्वप्रथम अध्यक्षद्वारा डा रोंगोंगको तस्वीरमा खादा पहिर्याएर उनको आत्माको चिर शान्तिको कामना गर्दै एक मिनटको मौन धारण गरियो। उत्क शोक सभामा वरिष्ठ कवि मोहन ठकुरी, डा सञ्जय वान्तवा, वरिष्ठ कवि ज्ञानेन्द्र खतिवडा आदिले वरिष्ठ साहित्यकार डा एडोन रोगोंगको बारेमा वक्तव्य दिएका थिए | उक्त शोक सभामा कवि हेमन्त काफ्लेले रोंगोंका दुईवटा कविता पाठ गर्नु भएको थियो| उक्त शोक सभामा आईएन शर्माए भविलाल लामिछानेए मणिकुमार प्रधानए देविका मग्रांतीए मोनिका प्रधानए बबिता मादेनए लीलबहादुर सुनारए जीत सुनारए पूर्ण मगरए सुभाष छेत्री आदि उपस्थित थिए।

****** ० ******

**अजय एडवर्ड्स**

केन्द्रमा जसको सरकार गठन भए पनि जनतालाई दिएको वचन कार्यरूपमा परिणत गर्न हामी कुनै कसर छोडने छैनौं भनी हाम्रो पार्टीको संस्थापक अध्यक्ष अजय एडवर्ड्सले बताउनु भयो। दार्जीलिङको माल रोडस्थित हाम्रो पार्टी केन्द्रिय कार्यालय पी कोठीमा सम्पन्न केन्द्रिय समितिको सभामा एडवर्ड्सले उक्त कुरा भन्नु भएको हो। सभामा पहाड तराई डुवर्स आदि क्षेत्रका पार्टी केन्द्रिय समितिको कार्यकर्ताहरू उपस्थित थिए।सभामा पार्टी अध्यक्षले केन्द्रमा जो कसैले सरकार गठन गरोस् तर हामी हाम्रो वचनमाथि अडिक रहेका छौं भनी बताउनु भएको छ । उहाँले भन्नु भयो, देशमा लोकसभा चुनाउको माहौल छ। देशमा जो कसैले सरकार गठन गरोस् तर हाम्रो पार्टी आफ्नो वचनप्रति वचनबद्ध रहेको उहाँले पार्टी कार्यकर्ताहरूलाई स्पष्ट रूपमा बताउनु भयो ।

****** ० ******

**धुप बनाउने प्रशिक्षण शिविर**

पश्चिम बंगाल नेवार सांस्कृतिक विकास बोर्ड र नेवार बुद्धिष्ट कल्याण संगठनको संयुक्त आयोजनमा खरसाङमा धुप बनाउने प्रशिक्षण शिविर सम्पन्न भएको छ। उक्त धुप बनाउने प्रशिक्षण शिविरमा ग्रामीण क्षेत्रका ५ जना अनि ५ जना बजार क्षेत्रबाट भाग लिइरहेका छन्। उक्त प्रशिक्षण शिविरमा भाग लिनेहरूलाई भविष्यमा नेवार विकास बोर्डको पक्षबाट धुप निर्माणको लागि सहयोग गर्ने साथै धुप बनाउन सर सामानहरू सित्तैमा प्रदान गरिने जानकारी प्राप्त भएको छ।उक्त धुप बनाउने प्रशिक्षण नेवार बुद्धिष्ट कल्याण समितिको केन्द्रिय उप सभापति पुष्प प्रधान र उनकी पत्नीले दिइरहेको बताइएको छ। धुप बनाउने प्रशिक्षण शिविरमा पश्चिम बंगाल नेवार सांस्कृतिक विकास बोर्डको चेयरम्यान सुनिल प्रधानए खरसाङ महकुमा समितिको सभापति गणेश प्रधानए सचिव राजेस प्रधान र संस्कृतिको संयोजक सञ्जय प्रधान लगायत अन्यहरू उपस्थित रहेको जानकारी पश्चिम बंगाल नेवार विकास सांस्कृतिक विकास बोर्डको चेयरम्यान सुनिल प्रधानले गराउनु भएको छ।

****** ० ******

**चुनावमा हिंसा**

पश्चिम बंगालको सात लोकसभा सीटमा आज भएको चुनावमा कतिवटा स्थानमा हिंसा पनि भएको जानकारी प्राप्त भएको छ। आरामबागको मलयपुर एरिया नम्बर -१ को बलिया गाउँका तृणमूल नेता श्यामल रायलाई भाजपाले कुटेको आरोप लागेको छ। कुनै धारिलो हतियारले उनको टाउकोमा हमला गरिएको पनि आऱोप छ। श्यामललाई गम्भीर स्थितिमा आऱामबाग मेडिकल कलेजमा भर्ती गराइएको छ। कालीपद बाग र श्यामल मलिक नामका दुई समर्थकलाई कथित रूपमा कुटियो जब उनीहरूले श्यामललाई बचाउने प्रयास गरे। उनीहरूलाई पनि अस्पतालमा भर्ती गराइएको छ।अर्कोतिरए सत्तारूढ़ तृणमूलमाथि खानाकुलको राजहाटी-१ ग्राम पञ्चायतका भाजपा उपाध्यक्ष तपन बागमाथि हमला गरेको आऱोप लगाइएको छ। उत्तर २४ परगनाको बेरकपुर संसदीय क्षेत्रमा पनि चुनाउमा ठाउँ-ठाउँ तनाव व्याप्त छ। सामान्य मतदाताहरूको भोटर कार्ड (मतदान पहिचान पत्र) खोसिएको आरोप छ। हावड़ा जिल्लाको उलूबेरियामा पनि तनावको माहोल छ किनभने राति भाजपा नेता अर्जुन वरङ र उनका भतिजमाथि कथित रूपमा तृणमूल समर्थकहरूले हमला गरेको बताइएको छ।

****** ० ******